हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

# हेटौंडा राजपत्र

खण्डः३ सङ्ख्याः१ मितिः २०७६/०५/३०

**भाग-३**

**हेटौंडा उपमहानगरपालिका**

## निःशुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०५।०६

प्रमाणीकरण मिति : २०७६।०५।३०

२०७६ सालको निर्देशिका नं. १

हेटौंडा राजपत्र

## प्रस्तावना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको पशुपालनको माध्यमबाट आर्थिक स्तरमा बृद्धि गर्ने उद्देश्यकासाथ आधुनिक एवम् वैज्ञानिक विधिवाट गाई, भैंसी तथा बाख्राहरुलाई कृत्रिम गर्भाधान गराई उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सवल तथा सक्षम बनाउन उपमहानगरपालिकाको तर्फवाट निःशुल्क कृत्रिम गर्भाधान सेवा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

क) संक्षिप्त नाम : यस निर्देशिकाको नाम **निःशुल्क कृत्रिम गर्भाधान सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६** रहनेछ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

### २. परिभाषा :

क) "कृत्रिम गर्भाधानकर्ता" भन्नाले हेटौंडा उपमहानगरपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव आवहन पश्चात सुचिकृत गरिएका पशु प्राबिधिकलाई जनाउने छ ।

ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकालाई जनाउनेछ ।

## परिच्छेद २

### ३. सर्त तथा भुक्तानी विधि :

**१. निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः**

क) कुनै पनि कृषकको पशु (गाई, भैंसी, बाख्रा) मा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको कार्डमा पशुको पहिचान खुल्ने गरी विवरण भर्ने, कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा समय लगायत आवश्यक विवरणहरू पूर्ण रूपमा भरेको हुनु पर्नेछ ।

ख) पशुपालक कृषक हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रको हुनु पर्नेछ ।

ग) निःशुल्क कृत्रिम गर्भाधान सेवा एउटा पशुका लागि एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराईनेछ ।

घ) कृत्रिम गर्भाधान सेवा लिने कृषकले उक्त पशुको अनिवार्य पशु बिमा गरेको हुनुपर्नेछ ।

ङ) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएबापत यस कार्यालयमा कार्यरत पशु प्राविधिकहरूका लागि कार्यालय समयको अतिरिक्त समयमा सेवा उपलब्ध भएमा मात्र उक्त सेवा रकम उपलब्ध हुने र अन्य निजी सेवा प्रदायक पशु प्राविधिकहरूका लागि समेत प्रति पशु कृत्रिम

पशु गर्भाधान सेवा बापत रू.३००।०० (तीन सय मात्र) उपलब्ध गराइने छ । पशु सेवा केन्द्रमा पशु ल्याई कृत्रिम गर्भाधान सेवा लिएमा कार्यालयमा कार्यरत पशु सेवा प्राविधिकहरूलाई उक्त रकम सुविधा दिइने छैन तर सिमेन खरिद बापतको रकम प्राविधिक प्रतिवेदन बमोजिम सोधभर्ना बापत उपलब्ध गराइनेछ ।

च) निःशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएको प्रगति प्रतिवेदन प्रत्येक महिनाको दोश्रो हप्ता भित्र यस उपमहानगरपालिकाको पशु विकास शाखा, सम्बन्धित् पशु सेवा केन्द्रमा र वडा कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ । साथै वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस पश्चात् मात्र रकम उपलब्ध गराईनेछ ।

छ) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापतको रकम यस नगर क्षेत्रमा सेवा प्रदान गर्ने पशु प्राविधिक तथा निजी क्षेत्रका पशु सेवा प्राविधिकहरूलाई मात्र उपलब्ध गराईनेछ ।

ज) निःशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुर्‍याए बापतको भुक्तानी उपमहानगरपालिकाबाट गरिने छैन । तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित् पशु प्राविधिक जवाफदेही हुनेछ र निज प्राविधिकको सूचीकृत रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी उपमहानगरपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

झ) कृत्रिम गर्भाधानकर्ताले अनिवार्य रुपमा हेटौंडा उपमहानगरपालिका पशु सेवा शाखामा सुचिकृत हुनुपर्ने छ ।

ञ) सिमोन खरिद र सोको व्यवस्थापन सम्बन्धित निजी क्षेत्रका प्राविधिकहरुले गर्नुपर्नेछ ।

ट) उपमहानगरपालिकाबाट तोकिएको कृत्रिम गर्भाधानकर्ताबाट मात्रै यो सेवा उपलब्ध गराईनेछ ।

ठ) एक कृषकको एक (१) भन्दा बढि गाई/भैंसी/बाखामा कृत्रिम गर्भाधान गर्नु परेमा विवरण नदोहोरीने गरि पशुको पहिचान खुल्ने गरी कार्ड र लगत फारम पेश गर्ने दायित्व सम्बन्धित पशु प्राविधिकको हुनेछ ।

ड) कृत्रिम गर्भाधान कर्ताले अनुदानको कृत्रिम गर्भाधान गरे वापतको रकम भुक्तानी उपमहानगरपालिकाबाट प्राप्त गर्न सक्नेछ । प्रत्येक कृत्रिम गर्भाधानकर्ताले अनुसुची-२ बमोजिमको लगत तयारी गनुपर्ने छ ।

ढ) निःशुल्क कृत्रिम गर्भाधान गर्दा एक कृषकको एक गाई/भैंसी/बाखामा गर्भाधान गर्दा प्राबिधिक दोहोरिन सक्ने भएकोले बिस्तृत रुपमा कृषकसँग सोधपुछ गरेर मात्रै कृत्रिम गर्भाधान गर्ने अन्यथा कुनै कृषककोमा प्राविधिकको लापरवाहिमा एउटा गाई/भैंसी/बाखामा कृत्रिम गर्भाधान गर्दा दुई प्राविधिक दोहोरीएमा उक्त रकमको भुक्तानी उपमहानगरपलिकाबाट गरिने छैन ।

ण) उपमहानगरपालिका र कृत्रिम गर्भाधानकर्ता बिच अनुसुची-४ अनुसारको दुई पक्षीय सम्झौता गरिने छ ।

त) कृत्रिम गर्भाधानकर्ता छनौट कार्यको सुचना उपमहानगरपालिकाले प्रकाशन गर्नेछ र तोकिएको योग्यता पुगेका इच्छुक कृत्रिम गर्भाधानकर्ताले नियमानुसार आफ्नो विवरण खुलाएर अनुसुची-३ अनुसार लिखित निवेदन दिनुपर्नेछ, छनौट भएपछिमात्रै कृत्रिम गर्भाधानकर्ताको सम्झौता गरिनेछ ।

## परिच्छेद ३

**४ .कार्यक्रमको खर्च :**

क) हेटौंडा उपमहानगरपालिका भित्रका गाई/भैंसी/बाखाको कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक वजेट व्यवस्था हेटौंडा उपमहानगरपालिकाले गर्नेछ ।

ख) कार्यक्रमको उपमहानगरपलिकाको अधिकारप्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

हेटौंडा राजपत्र

**अनुसुचि १**

हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर

कृ. ग. गर्ने प्राबिधिको नाम–

| क.स | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं/ मोवाईल नं | पशुको जात | विमा संकेत नं. | पशु को रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

...........
.........
**पेस गर्ने**

..........
**रुजु गर्ने**

**प्रमाणित गर्ने**

हेटौंडा राजपत्र

## अनुसुचि २

## हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवापुर

## निशुल्क कृत्रिम गर्भाधान कार्डको अगाडिको भाग

पशु धनीको नाम

पशुधनीको ठेगाना          विमा संकेत नं.

फोन नम्बर/ मोवाईल नं

सामाजिक वर्गिकरण          दलित          जनजाती          अन्य

आर्थिक अवस्था          विपन्न          अन्य

पशुको जात          गाई/भैसी/ बाखा

उन्नत          क्रस          स्थानिय

कृ. ग. गर्ने प्राबिधिकको नाम

पद          सम्पर्क नं

पछिल्लो पटक ब्याएको मिति

खोजेको समय          कृ. ग गरेको समय

कृ.ग. मिति          स्ट्र नं          दस्तखत

हेटौंडा राजपत्र

**निशुल्क कृत्रिम गर्भाधान कार्डको पछाडिको भाग**

| गर्भ परीक्षण तालिका | | | | | |
|---|---|---|---|---|---|
| गर्भपरीक्षण गर्नेको सही र मिति | गर्भ | | ब्याउने अनुमानित मिति | ब्याएको मिति | लिङ्ग |
| | रहेको | नरहेको | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

हेटौंडा राजपत्र

**<u>अनुसुची ३</u>**

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवापुर
निशुल्क कृत्रिम गर्भाधानकर्ताको निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधकिृत ज्यू
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवापुर

**विषय**: निशुल्क कृत्रिम गर्भाधानकर्ता छनौट हुन पाउँ।

महोदय,
मलाई हेटौंडा उपमहानगरपालिका बाट संञ्चालित निशुल्क कृत्रिम गर्भाधान कार्य गर्न तिव्र ईच्छा भएकोले नियमनुसार कागजात राखी निवेदन पेश गर्दछु। मैले निशुल्क कृत्रिम गर्भाधान कार्य मा सहभागी हुनपाएमा निर्धारित प्रकृया अनुसार **हेटौंडा उपमहानगरपालिकाका** सबै वडाहरुमा कार्यालयबाट खटाए बमोजिम कार्य गर्नेछु।

१. नेपाली नागरिकताको प्रमाणपत्रकोप्रतिलिपी
२..तालिम, शैक्षिक योग्यताको प्रतिलिपी

<u>निवेदकको</u>
नामः
दस्तखतः
ठेगानाः
मोवाईल नंः

हेटौंडा राजपत्र

<u>**अनुसूचि ४**</u>

## ●♑⌘🕯☠⬧ ⬧☯●❑♎ ◆♏⬈🏵⬥⬈♑ 🖃❁♐⬈⬧⬈❁ ■ ⬈●◆ 🖃🖗♏❍⬈"⧫⬈ &❑

हेटौडा उपमहानगरपालिकाबाट सञ्चालन गरिने निशुल्क कृत्रिम गर्भाधान सेवा हेटौडा उपमहानगरपालिका, हेटौंडा, मकवानपुर (यसपछि पहिलो पक्ष भनिने) छनौट भएका प्राईभेट कृत्रिम गर्भाधानकर्ता श्री/सुश्री/श्रीमती ........................ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गराई कार्यक्रम सम्पन्न गर्ने सम्झौता/सहमति भएको छ।

<u>तपशील</u>

१. पहिलो पक्षले दोश्रो पक्षलाई निशुल्क कृत्रिम गर्भाधान गरे वापत सम्झौता अनुसार हरेक महिना कार्यविधि अनुसार नगद/चेक उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरि आफुले आवेदन गरे अनुसारको निशुल्क कृत्रिम गर्भाधान कार्य सन्चालन गर्ने छ।
३. पहिलो पक्षले नियमिति रुपमा दोश्रो पक्षले निशुल्क कृत्रिम गर्भाधान कार्य सञ्चालन गरे नगरेको अनुगमन गर्ने छ।
४. दोश्रो पक्षले यस कार्यालयमा निशुल्क कृत्रिम गर्भाधान कार्य गरेको प्रगति प्रतिवेदन मासिक रुपमा बुझाउनु पर्ने छ।
५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन्। र सो को जानकारी पहिलो पक्षलाई तुरुन्त जानकारी गराउनु पर्ने छ।
६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ।

<u>**पहिलो पक्ष**</u>

<u>**हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको** तर्फबाट</u>

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

<u>**दोश्रो पक्ष**</u>

<u>निशुल्क कृत्रिम गर्भाधान कर्ताको तर्फबाट।</u>

नाम :

दस्तखत :

मिति :

<u>**रोहवर**</u>

<u>सम्वन्धित शाखाको तर्फबाट</u>

नाम :

पद :

दस्तखत :

मिति :

# कृत्रिम गर्भाधान कर्ता सुचिकृत हुने आवह्न सम्बन्धी
# सूचना

हेटौंडा उपमहानगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु उत्पादन तथा पशु नश्ल सुधार कृत्रिम गर्भाधान कार्यक्रममा सहभागी भई सुचिकृत हुन हेटौंडा उपमहानगरपालिकाका भित्रका तल उल्लेखित योग्यता पुगेका पशु जे.टी./जे.टी.ए.हरुलाई दरखास्त आवह्नको लागि यो सुचना प्रकाशित गरिएको छ । प्रस्तावक पशु जे.टी./जे.टी.ए ले भेटेरीनरी जे.टी.ए वा पशु बिज्ञानमा ३ वर्षे आई.ए.सी.एजी कोर्ष उत्तीर्ण र कृत्रिम गर्भाधान सम्बाधी तालीम नलिएकाहरु छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सुचना प्रथम पटक प्रकाशन भएको मितीले ७ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडामा दर्ता गरिसक्नु पर्नेछ ।

.........................

तपशिल :

१. अनुसुची ३ बमोजिमको निवेदनमा ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. तालिम,शैक्षिक योग्यताको प्रतिलिपी ।

**प्रमाणीकरण गर्ने**
**नाम थर : भगवान अर्याल**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**पृष्ठ संख्या : १०**
**मिति : २०७६।०५।३०**